**सर्वोच्च अदालत**

एक न्यायाधीशको इजलास

**माननीय न्यायाधीश श्री नहकुल सुवेदी**

**आदेश**

०७७-WO-१११५

**विषयः उत्प्रेषण परमादेश समेत।**

अधिवक्ता मनिषकुमार श्रेष्ठ ---------------------------------------------------------------- **निवेदक**

**विरूद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत ------------------------------------------ **प्रत्यर्थी**

रिट निवेदनसाथ संलग्न कागजातको अध्ययन गरी निवेदक विद्वान् अधिवक्ता श्री मनिषकुमार श्रेष्ठ तथा उहाँको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण, श्री अनन्तराज लुईंटेल, श्री ऋषिराम घिमिरे, श्री किर्तिनाथ शर्मा पौडेल, श्री लिलाधर उपाध्याय, श्री रामेश्वरप्रसाद कोइराला, श्री वीरभद्र जोशी, श्री गोपाल श्रेष्ठ, श्री मानबहादुर लामिछाने, श्री तेजकुमार लोहिया, श्री रामबहादुर शाही र श्री भीमसेन के.सी.ले गर्नुभएको वहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित सूचना म्याद पाएको मितिले बाटोको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालतमा लिखितजवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको एक-एक प्रति नक्कल समेत साथै राखी प्रत्यर्थीहरुका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

निवेदकले अन्तरिम आदेशको माग समेत गर्नुभएको सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा ३५ ले सबै नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त

गर्ने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने हकको प्रत्याभूति गरेको र उक्त हकको कार्यान्वयनका सन्दर्भमा जनस्वास्थ्य ऐन, २०७५ जारी भई स्वास्थ्य सेवाको पहुँच र गुणस्तरीयताको समेत सुनिश्चितता दिलाएको देखिन्छ। उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाले आम जनताको स्वास्थ्य सम्बन्धी हकको प्रत्याभूति गरेको भएतापनि हाल देशमा उत्पन्न कोभिड-१९ को महामारीका कारण सर्वसाधारण नागरिक अक्सिजन, आधारभूत औषधि र अन्य स्वास्थ्योपचार प्राप्त गर्न नपाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी हक र बाँच्न पाउने हक/जीवनको हकबाट समेत बञ्चित हुनपरेको अवस्था छ। कोभिड-१९ को महामारीका कारण नागरिक उपचार नपाई मृत्यु कुरेर बस्नुपर्ने स्थिति अत्यन्त गम्भीर र चिन्ताजनक अवस्था हो। जनताको जीवन रक्षा गर्नु राज्यको सबैभन्दा महत्त्वको जिम्मेवारी हो। स्वास्थ्य उपचार नपाएर नागरिकको मृत्यु हुनु भनेको राज्य नागरिकको जीवन रक्षा गर्ने दायित्वप्रति गम्भीर र समवेदनशील नभएको अवस्था हो। राज्यले नेपाल पक्ष भएका विभिन्न अन्तरराष्ट्रिय सन्धी सम्झौतामार्फत व्यक्त प्रतिवद्धता र नेपालको संविधान एवम् प्रचलित कानूनद्वारा निर्धारित दायित्वका आधारमा समेत साधन स्रोतको अभाव लगायत कुनै पनि बहानामा सरकारले जनताको जीवन रक्षा गर्ने जिम्मेवारीबाट उन्मुक्ति पाउन नसक्ने भएकाले कोभिड-१९ को महामारीबाट नागरिकको जीवन रक्षा गर्ने सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाउँमा देहायबमोजिम अन्तरिम आदेश जारी गरिदिएको छः

१. यो आदेश प्राप्त भएको मितिले ७(सात) दिनभित्र प्रत्यर्थीमध्येका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी देहायका विषयहरू समेतमा राज्यको जिम्मेवारी वहन हुने प्रतिवद्धता व्यक्त भएको एक स्पष्ट र कार्यान्वयनयोग्य कोभिड-१९ नियन्त्रण र उपचारसम्बन्धी विस्तृत कार्ययोजना (Plan of Action) बनाउने।

(क) अक्सिजन, आधारभूत औषधि वा अस्पतालमा स्थान वा शैय्या (Bed) को अभावमा कोरोना संक्रमित व्यक्तिले उपचार नपाई अस्पतालमा भर्ना नपाउने वा अस्पतालबाट फर्किनु नपर्ने सुनिश्चितता।

(ख) अक्सिजन तथा पर्याप्त उपकरणको अभावका कारण कोरोना संक्रमित व्यक्तिको मृत्यु हुने अवस्था सिर्जना नहुने।

(ग) गम्भीर अवस्थाका कोरोना संक्रमितका लागि आवश्यकता अनुसार सघन उपचार कक्ष (आइ.सि.यू.) वा भेन्टिलेटरको उपलब्धताको सुनिश्चितता र सोको समन्वय र व्यवस्थापनका लागि एक द्रुत सम्बोधन टोली (Quick Response Team) गठन गर्ने।

(घ) सबै संक्रमितहरूको उपचारमा सहज र समान पहुँच स्थापित हुने सुनिश्चितता।

(ङ) प्रदेश र स्थानीय तहमा समेत कोभिड-१९ संक्रमितको उपचार हुन सक्ने पूर्वाधार तथा अन्य आवश्यक व्यवस्थापन गर्ने।

(च) सबै जनताले क्रमशः कोभिड विरूद्धको खोप लगाउन पाउने र पहिलो चरणको खोप लगाइसकेको व्यक्तिले निर्धारित समयभित्र दोस्रो चरणको खोप लगाउन पाउने।

(छ) तेस्रो चरण वा यसपछि आउन सक्ने संभावित संक्रमणको रोकथाम तथा नियन्त्रण सम्बन्धी पूर्व तयारी गर्ने।

२. उक्त कार्ययोजनामा राज्यका तर्फबाट सम्बन्धित सरोकारवाला निकायहरूले गर्नुपर्ने काम, कर्तव्य र जिम्मेवारी स्पष्टरूपमा उल्लेख गरी उक्त जिम्मेवारी पूरा गर्ने समयवद्ध तालिका, सो जिम्मेवारी पूरा गर्न गर्नुपर्ने क्रियाकलापको विवरण, कार्य प्रगति देखिने सूचक र जिम्मेवार अधिकारी स्पष्ट देखिनुपर्ने।

३. सम्बन्धित अधिकारीबाट जिम्मेवारी पूरा हुन नसकेमा सो प्रति उत्तरदायी हुनु पर्ने।

४. कार्ययोजनाको कार्यान्वयनका लागि सम्बन्धित निकायले आवश्यक स्रोत साधनको अभाव हुन नदिन रकमान्तर लगायतका आवश्यक सबै प्रक्रिया अवलम्बन गरी स्रोत साधनको सुनिश्चितता गर्ने।

५. आम नागरिकलाई सुसूचित गराउन उल्लिखित कार्ययोजना सार्वजनिक गर्ने।

६. महामारीको अवस्था समाप्त नभएसम्म उल्लिखित कार्ययोजनाबमोजिम भए गरेका कामकारवाहीको प्रगति विवरणसहितको प्रतिवेदन प्रत्येक १५ (पन्ध्र) दिनमा यस अदालतको अनुगमन महाशाखामा पेश गर्ने र आवश्यक निर्देशनका लागि इजलास समक्ष पेश गर्ने व्यवस्था मिलाउने।

७. यो आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिने।

न्यायाधीश

इति सम्वत २०७८ साल जेष्ठ ३ गते रोज २ शुभम् ..............................................